## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १४ मितिः २३/११/२०७५

भाग-२

रघुगंगा गाउँपालिका

## सामुदायिक स्वास्थ्य इकाई स्थापना संचालन तथा  व्यवस्थापन सम्वन्धी कार्यबिधि २०७६

## सामुदायिक स्वास्थ्य इकाई स्थापना संचालन तथा व्यवस्थापन

## सम्वन्धी कार्यबिधि २०७६

**प्रस्तावना** :-नेपालको संबिधान (२०७२) को धारा ३५ (१) तथा जनस्वास्थ्य सेवा ऐन ,२०७५ को दफा ३(४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यन्वयन गर्न साथै आ.व. २०७६/०७७ को गाउँपालिकाको नीति तथा कार्यक्रममा स्वास्थ्य सेवाको पहुँच कम भएको गाउँपालिका अन्तरगतका बस्ति तथा समुदायमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरि अधिकतम जनतालाई आधारभूत स्वास्थ्य सेवा नि :शुल्क उपलब्ध गराउने प्रावधानको कार्यान्वियनकालागि गाउँ तथा समुदायबाट १.५ घण्टा पैदल यात्राको दुरी भन्दा टाढा स्वास्थ्य सस्था रहेका स्थानमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को झ (३ ) ले दिएको अधिकार प्रयोग गरि गाउँपालिका प्रशासकिया कार्यविधि नियमित गर्ने ऐन २०७५को दफा ४ बमोजिम रघुगंगा गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**(१)संक्षिप्त नाम र प्रारम्भ :-** (१ )यस कार्यबिधिको नाम '÷आधारभूत स्वास्थ्य सेवा विस्तार गर्न सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा संचालन सम्वन्धी कार्यबिधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**(२)परिभाषा :-**बिषय वा प्रसंग ले अर्को अर्थ नलागेमा,

(क ) **"संविधान"**भन्नाले नेपाल को संविधान (२०७२) सम्झनु पर्दछ

(ख) **"ऐन"**भन्नाले स्थानीय सरकार ऐन २०७४ सम्झनु पर्दछ ।

(ग ) "**गाउँपालिका"**भन्नले रघुगंगा गाउँपालिका सम्झनु पर्छ ।

(घ ) **"कार्यालय"** भन्नाले रघुगंगा गाउँकार्यपालिकाको कार्यालय र यस कार्यालय मातहतका ८ वटा वडा कार्यालय सम्झनु पर्छ ।

() **"स्वास्थ्य सस्था"**भन्नाले गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य चौकि र सामुदायिक स्वास्थ्य इकाई सम्झनु पर्छ ।

(च) "**समितिः"**भन्नाले यस कार्यविधि बमोजिम गठित सामुदायिक स्वास्थ्य इकाई संचालन तथा व्यस्थापन समिति र स्वास्थ्य चौकि संचालन तथा व्यस्थापन समिति सम्झनु पर्दछ

**(३)आधारभूत स्वास्थ्य सेवा प्रवाह सम्वन्धी ब्यवस्थाः**-(१) संबिधान तथा ऐन द्वारा प्रदत्त आधारभूत स्वास्थ्य सेवा स्वास्थ्य को पहुच कम भएका सबै बस्ति तथा समुदायमा प्रवाह गरिनेछ ।

(२) स्वास्थ्य सस्था आवश्यक स्थान र समुदायमा आ.व २०७६/०७७ मा स्थापना गरिने छ ।

**(३) उपदफा (२) मा उल्लेखित स्वास्थ्य सस्था स्थापना  र संचालन को लागि आवश्यक बजेट    गाउँपालिकाले  ब्यवस्था गर्ने छ ।**

**(४) स्थापनाको कानुनि  प्रक्रियाः-** (१) गाउँपालिका अन्तरगतको वडाको  बस्ति तथा समुदाय हुनुपर्ने छ ।

(२ ) सो समुदायमा घर धुरी ८० र जनसंख्या ५०० भन्दा बढी  हुनुपर्ने छ

(३) सो समुदायबाट  हाल सन्चालनमा रकेका स्वास्थ्य चौकी जना पैदल  १.५ घण्टा  भन्दा बढी समय लाग्ने हुनुपर्नेछ ।

(४) स्थापनाको लागि  वडा जनप्रतिनिधि समेतको आम भेलाबाट  माग भएको  हुनुपर्नेछ।

(५) सम्वन्धित वडा समितिको निर्णय र सिफारिस  हुनुपर्ने छ ।

(६) सम्वन्धित वडाको  स्वास्थ्य चौकि ब्यवस्थापन समितिको  निर्णय र  सिफारिस  हुनुपर्ने छ ।

(७)माथि उलेखित दफा ४ (१)(२)(३)(४)(५)र(६)को आधारमा गाउँकार्यपालिकाको  निर्णय बमोजिम  सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने सकिने छ ।

**(५ ) आधारभूत स्वास्थ्यसेवा संचालनतथाजनशक्ति व्यस्थापन (१ )** आधारभूत स्वास्थ्य सेवा सन्चालनको लागि  बिगतमा निर्माण भई  खोप केन्द्र  संचालन भएको  भवन  बाट सेवा संचालन गरि आवश्यकता अनुसार  भौतिक पूर्वाधार थप गर्दै  लैजाने  व्यवस्था मिलाईने छ ।

(२)  उपदफा (१) मा उल्लेखित सेवा प्रवाह गर्ने आधारभूत स्वास्थ्य सेवाकोलागि  गाउँपालिकाबाट  आवश्यक बजेट व्यस्थापन गर्ने  छ ।

(३ )उपदफा (१) मा उल्लेखित सेवा प्रवाह गर्ने जनशक्ति व्यस्थापन स्थायी पदपूर्ति नभएसम्म  सम्वन्धित वडा को स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीबाट व्यस्थापन गरिने छ|

(४) उपदफा (३ ) बमोजिम  जनशक्ति  ब्यवस्थापन हुन नसकेमा गाउँ पालिका भित्रका स्वास्थ्य चौकि मा रहेका जनशक्ति बाट व्यस्थापन गरिने छ , साथै सेवा संचालन तथा ब्यवस्थापन गर्न गाउँ पालिकाले  सेवा करारमा प्रतिस्पर्दा को आधारमा जनशक्ति पदपूर्ति गर्न सकिने छ ।

(५)उपदफा (१) मा उल्लेखित सेवा प्रवाहगर्दा  कम्तिमा  खोप , परिवार नियोगन ,गर्भवती तथा शिशु जाँच सेवा ,पोषण सेवा , नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिंग ,औषधि बितरण ,स्वास्थ्य प्रवर्द्धन , सामान्य उपचार लगायतका स्वास्थ्य सेवाको समुचित ब्यवस्था  सम्वन्धित सामुदायिक स्वास्थ्य इकाईले  गर्नुपर्ने छ ।

(६) उपदफा (१) मा उल्लेखित सेवा प्रवाह गर्ने आवश्यक औजार उपकरण औषधि  फर्निचर तथा कार्यालय संचालन को लागि मसलन्द सामाग्री गाउँपालिका बाट  उपलव्ध गराईने छ ।

**(६) सामुदायिक स्वास्थ्य इकाई संचालन तथा व्यस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकारः- (१)** सामुदायिक स्वास्थ्य इकाईको  संन्चालन तथा व्यवथापन को लागि देहाए बमोजिम को  समिति रहने छ ।

संरक्षकः-  गाउँपालिका  अध्यक्ष

अध्यक्ष :- वडा अध्यक्ष

उपाध्यक्ष :-समितिले मनोनयन गरेको निर्वाचित महिला सदस्य मध्ये बाट १ जना

सदस्य :-सामुदायिक स्वास्थ्य इकाई रहेको क्षेत्रको  विद्यालयको प्रमुख  मध्ये १ जना

सदस्य :-स्थानीय व्यापार संघको प्रतिनिधि १ जना

सदस्य :- समिति बाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट १ जना

सदस्य :- वडा सचिव

सदस्य सचिव :- सामुदायिक स्वास्थ्य इकाई  प्रमुख

(२) उपदफा (१ ) बमोजिम  गठित  समितिको  काम कर्तव्य र अधिकार  र अन्य  कार्य  स्वास्थ्य मन्त्रालयबाट  पारित  स्थानीय स्वास्थ्य सस्था  संचालन  तथा व्यस्थापनको  लागि तयार पारिएको  कार्यविधि  २०७५ को परिच्छेद २ (४)  बमोजिम हुनेछ ।

**(७ ) बिबिध  :- (१ )** स्थापना हुने  सामुदायिक स्वास्थ्य ईकाई  सम्वन्धित वडाको स्वास्थ्य चौकिको मातहत मा रही कार्यगर्ने छ ।

(२)  सामुदायिक स्वास्थ्य इकाईबाट   दफा ५ को उपदफा ४ मा उल्लेखित  सेवाको  अभिलेख दुरुस्त राखी  सम्वन्धित वडाको  स्वास्थ्य चौकिमा मासिक  प्रतिबेदन गर्नुपर्ने छ ।

(४) यस कार्यविधिमा उलेख्य नभएका अन्य ब्यवस्था प्रचलित ऐन रकानुन बमोजिम हुनेछ ।

**(८)  . बचाउ** :-यस  कार्यविधि बन्नु आगाडी भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम  भए गरेको मानिने छ ।

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत